<u>स्वास्थ्य तथा जनसंख्या मन्त्री सुधा गौतम शर्माको धन्यवाद मन्तव्य</u>

*सचिवज्यूहरु, अतिरिक्त सचिवज्यू, उपकुलपतिज्यूहरु, निर्देशकज्यूहरु, महाशाखा प्रमुखज्यूहरु, कर्मचारी मित्रहरु, सबैमा हार्दिक नमस्कार।*

मन्त्रीको जिम्मेवारीबाट बिदा लिँदै गर्दा, हामीले सँगै बिताएका यी पांच महिनाको यात्रा र यो मन्त्रालयमा आफूले सम्पन्न गरेको जीवन यात्रालाई मैले गहिरो रूपमा स्मरण र विश्लेषण गरेको छु। यो स्थान, यो मन्त्रालय, हामीमध्ये धेरैका लागि दोस्रो घर, हाम्रो साझा अनुभवहरूको केन्द्र हो। हामी धेरैले यहाँ काठमाडौंमा मात्र होइन, देशभरीनै विभिन्न कालखण्डमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका कर्मचारीका रूपमा अमूल्य वर्षहरू बिताएका छौं।

हाम्रो एउटै साझा उद्देश्य छ- नेपालका जनतालाई सेवा गर्नु, उनीहरूलाई स्वस्थ राख्नु, बिरामी हुँदा उचित उपचार सुनिश्चित गर्नु, निरोगी नेपाल बनाउनु। हाम्रो कामको केन्द्रमा सधैं हाम्रा बिरामीहरू छन्, महिला, बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नागरिक र सबैभन्दा कमजोर वर्ग।

हामीले आत्मसात गरेका छौं हाम्रा शास्त्रीय वचनहरु-
सर्वे भवन्तु सुखिनः, सर्वे सन्तु निरामयाः।
सर्वे भद्राणि पश्यन्तु, मा कश्चिद्दुःखभाग्भवेत।

हाम्रो देश, यो संस्था, हाम्रो सेवा गर्ने स्थान, हालैको कठिन अवस्थाबाट गुज्रिएको छ। जब जनताको सेवा गर्न बनाइएका प्रणालीहरूले अपेक्षित परिणाम दिन सक्दैनन्, त्यस्तो निराशा अन्ततः बिस्फोटका रुपमा प्रकट हुन्छ, त्यही भयो। हामीले देखेको, भोगेको, नचाहेको, त्यो असन्तोष आकस्मिक थिएन, वर्षौंको बेथितिको उपज थियो। आज, हामीले इमान्दारीका साथ यो कुरा स्वीकार गर्न आवश्यक छ। यस्तो नदोहोरियोस् भन्ने

चुनौति हाम्रा सामु छ- त्यो चुनौति सफलताका साथ सम्हाल्ने अभिभारा वहन गर्नु पनि छ।

त्यस्तो संवेदनशील समयमा मैले मन्त्रालयको जिम्मेवारी सम्हाल्दा, मलाई थाहा थियो मन्त्रालयको काम चुनौतीपूर्ण छ, तर त्यहाँ ठूलो सम्भावना पनि छ। आज, निर्वाचन सम्पन्न भएको छ, नयां सरकार बन्दै छ, यस्तो समयमा म यहाँबाट बिदा लिँदै गर्दा तपाईंहरूको कामप्रति गहिरो सम्मान र हामीले सँगै हासिल गरेका प्रगतिप्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु।

आफ्ना भनाईहरु म हार्दिक धन्यवादबाट सुरु गर्न चाहन्छु। अनिश्चितता, सीमितता, र कठिन परिस्थितिमा पनि तपाईंहरूले काम गर्नुभयो। भौतिक स्थानको समस्या, भविष्यको अन्योल, दिशा अस्पष्टता, यी सबैका बीचमा पनि तपाईंहरू अघि बढ्नुभयो। जेन जीको घाउचोटमा मलम लगाउने र उनीहरुको अपेक्षामा खरो उत्रने, अनि स्वास्थ्यकर्मीहरुको हड्ताल, अन्य धेरैको दबाब, र धेरै चुनौतिका बीचमा तपाईंहरु मध्ये धेरैजना परिवर्तन स्वीकार गर्न र सुधारका लागि प्रयासरत रहनुभयो। रातदिन गुनासो सुन्ने र तिनको समाधानमा खटिनु हुने सबैमा धन्यवाद। हाम्रो कार्यालय सञ्चालन गर्न भवन उपलब्ध गराउने नेपाल स्वास्थ्य अनुसन्धान परिषद् र अध्यक्ष डा. प्रमोद जोशीलाई हार्दिक धन्यवाद र मेरो सचिवालयमा व्यवस्थापनमा रात दिन नभनी खटिनुहुने, भेटघाट सहजिकरण गरिदिनुहुने यमुनाजी र साथीहरुमा हार्दिक धन्यवाद। मन्त्रालयका सहयोगी कर्मचारी, सवारी चालक, सुरक्षाकर्मी सबैमा हार्दिक धन्यवाद।

हामीले संकटको समयमा पनि जिम्मेवारी निर्वाह गऱ्यौं, घाइतेहरूको उपचार, वर्गीकरण, र उहांहरुलाई सहयोग प्रदान गऱ्यौं। यो काम अझै पूर्ण भैसकेको छैन, तर तपाईंहरुले राम्रोसंग सम्पन्न गर्नु हुने छ भन्ने मेरो विश्वास छ। यो कामको संयोजनमा खटिनु भएका डा प्रकाश बुढाथोकी र साथीहरुको प्रयासका लागि हार्दिक धन्यवाद।

चाहे प्रशासनिक कुरा हुन् वा नीतिगत कुरा हुन्, चाहे शिक्षण होस् या व्यबस्थापन वा अग्रपंक्तिमा रही सेवा दिने कुरा - यी सबैमा तपाईंहरूको, र देशै भरी रहेका कर्मठ हातहरुको योगदानले धेरै फरक पारेको छ- धेरै राम्रो फरक पारेको छ । धेरैजसो योगदानहरू देखिँदैनन्, तर ती गहिरो रूपमा महसुस गरिन्छन्। छोटो समयमा पनि सातै प्रदेश घुमेर मैले प्रगति देखेको छु, महसुस गरेको छु, र म तपाईंहरूको क्षमताप्रति पूर्ण विश्वासका साथ बिदा लिँदैछु। तपाईंहरूको सेवाभावका लागि धन्यवाद। दुवै सचिवज्यूहरुको नेतृत्व र तपाईंहरू सबैजनाको धैर्यता, सहनशीलताका, कर्मशीलताका लागि धन्यवाद।

हाम्रा कुराहरु, कामहरु, चुनौति र सफलता बारे सबै जनतालाई जानकारी दिलाउन महत्वपूर्ण भूमिका खेल्नु भएका मिडियाकर्मी साथीहरुप्रति हार्दिक आभार सहित धन्यवाद। मेरो मेसेञ्जर र ह्वाट्सएपमा थुप्रै सूचना र जानकारी दिएर सहयोग गर्नु हुने महानुभावहरुप्रति हार्दिक कृतज्ञता।

मन्त्रालयको कोणबाट हेर्दा यो छोटो कार्यकालमा हामीले महत्वपूर्ण प्रगति गरेका छौं। हाम्रा थुप्रै नियमित कामहरु त छंदै थिए, ती सबै गर्यौं, गर्दै छौं, हाम्रा कामहरुको विवरण र नँया सरकारलाई सुझाव सहितको प्रतिवेदन मैले छुट्टै बनाएको छु। यसको PDF copy हाम्रो Website मार्फत सम्प्रेषण गरिने छ।

हामीले केही थप प्राथमिकताहरू तय गर्‍यौं - तीन क्लिनिकल प्राथमिकता- मानसिक स्वास्थ्य, आप्रवासी कामदारहरूको स्वास्थ्य, उच्च जोखिम भएका प्रदेशहरूमा मातृ तथा शिशु स्वास्थ्य, र तीन प्रणाली सुधारका प्राथमिकता- खरिद प्रक्रिया, औषधि व्यवस्थापन, र बीमा सुधार। यी क्षेत्रमा हामीले समस्या पहिचान मात्र होइन, समाधानतर्फ कदम पनि चाल्यौं।

धेरै राम्रा प्रगति भएका छन्। उदाहरणका लागि- बीमा भित्र झण्डै एक दशक देखि थुप्रिएका बिकृतिका चाङ्गहरु मसिनोसंग केलायौं र सुधारका कार्यहरु अगाडि बढाई

सकेका छौं। यसबाट आगामी दिनहरुमा बहुमुल्य केही अर्बहरु बचत हुने छन् र बीमाले भोगेको आर्थिक समस्या केही हदसम्म कम हुनेछ। बीमा बोर्डमा कार्यरत र मन्त्रालयमा यस विषय हेर्नु हुने सबैलाई यी सुधारका कामका लागि म हार्दिक धन्यवाद दिन चाहन्छु।

बीमाको चुनौति अझै सकिएको छैन। स्वास्थ्य मन्त्रालयकै धेरै महाशाखाका कार्यक्रम कटौति गरेर भएपनि ७५ करोड रकम बीमालाई उपलब्ध गरायौं। यो कठिन समयमा सहयोग गर्नु हुने सबै महाशाखाका साथीहरुलाई म धन्यवाद दिन चाहन्छु। कार्तिक महिनासम्मको हिसाब निकालिसकेर अर्थ मन्त्रालयसंग सात अर्ब मागेकोमा जम्मा एक अर्ब मात्रै पायौं, निर्वाचन पछि बांकी रकम दिन्छु भन्ने वचन दिएर पनि, हाम्रा अस्पतालका समस्याबाट बिमुख भएर, अर्थ मन्त्रालय 'cooling period' मनाउन व्यस्त छ। हरेक प्रकारको emergency मा triage र प्राथमिकिकरण गरेर काम गर्ने हामी स्वास्थ्यकर्मीलाई यस्तो किसिमको व्यवहार र उपचार बुझिनसक्नु भएको छ- दुख: मनाउ गर्ने बाहेक केही गर्न नसक्ने अवस्थामा हामीलाई पुर्याइएको छ।

औषधि तर्फ- औषधि व्यवस्था विभागको स्तर बृद्धिको योजना, राष्ट्रिय औषधि प्रयोगशालाका लागि नयां भवन निर्माणको गुरु योजना , दुबैका लागि दरबन्दी थपगर्ने कार्य अन्तिम चरणमा पुर्याउनु, मन्त्रालयमा औषधि मामिला महाशाखा स्थापनाको प्रारुप तयार पार्नु आदि रहेका छन्। यी महत्वपूर्ण कामहरुले भविष्यमा औषधिको गुणस्तर, मुल्य, र नवप्रवर्तनहरुको विकासमा ठुलो योगदान दिने छन्। औषधि मात्र नभएर औषधिजन्य पदार्थहरु- nutraceuticals, medical devices, reagents, cosmetics, herbal products- आदिमा गुणस्तर निर्धारण, नियमन र अनुगमन प्रभावकारी बनाउने पूर्वाधार विकासका लागि यी बलिया आधारस्तम्भका रुपमा रहने छन्। यो कार्यको नेतृत्व लिनु भएका डा केसर ढकाल र उहांको टीमलाई धेरै धन्यवाद।

खरीद सुधार तर्फ- तपाईंहरुलाई थाहानै छ- हाम्रा १४ जना साथीहरु निलम्बित छन्। धेरैले काम नजानेर बिगारेका छन्- यसमा श्री सुरेश प्रधान र डा भीम सिंह टिङकरीको टीमले बनाएका सुधार योजना र तिनको सफल कार्यन्वयनले भविष्यमा खरिद

प्रकयालाई सहज र पारदर्शी बनाई उपकरणहरुको उचित प्रयोग सुनिश्चित गर्ने छ। यी साना उपलब्धिहरू होइनन्, यी बलिया आधार हुन्। उहांहरुलाई धेरै धन्यवाद। यो कार्यको नेतृत्व लिनु भएका डा चुमनलाल दास र उहांको टीमलाई धेरै धन्यवाद।

प्रगति पूर्णताबाट होइन, समस्यालाई स्वीकार गर्ने, सिक्ने र अगाडि बढ्ने साहसबाट आउँछ। हामीले त्यो साहस गरेका छौं, र तपाईंहरूले त्यो यात्रा सुरु गर्नुभएको छ।

केही महिनामै हामीले ३० भन्दा बढी स्वास्थ्य संस्था र शैक्षिक संस्थाहरूको भ्रमण गऱ्यौं । राम्रा प्रगति हेर्यौं, केही कमी कमजोरी हेर्यौं। मन्त्रालय र विभागमा पनि राम्रा काम भएका छन्, तर केही कमी कमजोरी छन्- कुनै तुच्छ व्यक्तिको हितमा हामी आफ्नै साथीहरुका विरुद्ध पनि लाग्दा रहेछौं- अवाञ्छित रुपमा। मिडियामा नकारात्मक कुरा गरेर, चरित्र हत्या गरेर। यी सबैले त्यस्तो गर्ने व्यक्ति लाई क्षणिक लाभ त देला, तर अन्ततोगत्वा मन्त्रालयको प्रतिष्ठा, साथीहरुप्रतिको विश्वास, र काम गर्ने वातावरणलाई प्रदुषित बनाउंछ, यस तर्फ हामी सबै सचेत हुनु जरुरी छ। शिकारी आफैंपनि शिकार हुन सक्छ- यो नबिर्सौं।

मन्त्रालयबाट बिदा लिनु अघि यस मन्त्रालयमा पांच महिना मन्त्रीका रुपमा र विगत चार दशकमा देश विदेशमा लिएका अनुभवका आधारमा केही विचारहरू तपाईंहरु माझ राख्न चाहन्छु, निर्देशनको रूपमा होइन, भविष्यका लागि सुझावका रूपमा:

१. हामीले ढिलाइ कम गर्नुपर्छ। समयमै काम हुनु अत्यन्त महत्वपूर्ण छ। जब निर्णयहरू ढिला हुन्छन्, त्यसको असर प्रणालीमा मात्र होइन, जनतामा पर्छ।

२. हामीले प्रक्रियाहरू सरल बनाउनुपर्छ। प्रणालीहरूले कामलाई सहज बनाउनु पर्छ, जटिल होइन। जहाँ सरल बनाउन सकिन्छ, त्यहाँ सरल बनाऔं।

३. हामीले मुख्य उद्देश्यमा ध्यान केन्द्रित गर्नुपर्छ, गतिविधिमा होइन, परिणाममा; प्रक्रियामा होइन, प्रभावमा।

४. हामीले जवाफदेहिता सुदृढ गर्नुपर्छ। दोषारोपणको रूपमा होइन, जिम्मेवारीको रूपमा। जब कुनै काम हाम्रो हो, हामीले त्यसलाई पूर्ण रूपमा पूरा गर्नुपर्छ। हामीले सधैं तत्परता र उद्देश्यको भावना कायम राख्नुपर्छ।

५. सबैभन्दा महत्वपूर्ण कुरा, हामीले किन यो काम गरिरहेका छौं भन्ने कहिल्यै नबिर्सौं। हरेक बैठक, हरेक निर्णय, हरेक फाइलको पछाडि एउटा मानव जीवन जोडिएको हुन्छ- यो कुरा हामी नबिर्सौं।

कुनै पनि प्रणाली पूर्ण हुँदैन, तर प्रत्येक प्रणाली सुधार गर्न सकिन्छ। तपाईंहरूमा यो सुधारको यात्रालाई अगाडि बढाउने क्षमता छ भन्नेमा म पूर्ण रूपमा विश्वस्त छु। तपाईंहरूसँग मन्त्रीका रुपमा काम गर्न पाउनु मेरो लागि सम्मानको कुरा रह्यो। हामीले सँगै हासिल गरेका उपलब्धिहरूप्रति म कृतज्ञ छु, र भविष्यमा तपाईंहरूले अझ ठूलो सफलता हासिल गर्नुहुनेछ भन्ने विश्वास राख्दछु।

तपाईं हामी सबै स्वास्थ्य क्षेत्रका नेता हौं, त्यसैले म नेत्रित्वबारे एक वाक्य भन्न चाहन्छु।

' Leadership is temporary, but the duty to safeguard our people’s health is enduring- let us carry it forward with courage and determination'

हामी सबै 'कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन' को मूल मन्त्र पच्छयाउंदै अघि बढौं, नियतिले सोचे भन्दा बढी फल दिने रहेछ भन्दा अत्युक्ति नहोला। यो मेरो जीवन-अनुभव हो, मैले पाएको हो, भोगेको हो। यो अवसरका लागि भगवान श्री पशुपतिनाथमा धन्यवाद।

तपाईंहरू सबैमा निरन्तर प्रगतिका लागि हार्दिक शुभकामना। सफल हुनुहोस, स्वस्थ रहनुहोस।